आज मिति २०८३ साल असार १२ गते शुक्रबारको दिन सुनकोशी गाउँ कार्यपालिकाका अध्यक्ष श्री कमल तामाङज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो।

**उपस्थितिः-**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कमल तामाङ | अध्यक्ष | |
| २. | श्री सुनिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री प्रकाश सापकोटा | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री खिल बहादुर तामाङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गिर्बराज थापा मगर | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री टायन्द्र राई | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री श्याम बहादुर खत्री | का.वा. वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बिष्णु आले मगर | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री चेत बहादुर कटवाल | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री गुणराज भट्टराई | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री हितराज कार्की | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री छविरमण धमला | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री जमुना घिमिरे | कार्यपालिका सदस्य | |
| १४. | श्री लक्ष्मी बानियाँ (खत्री) | कार्यपालिका सदस्य | |
| १५. | श्री सिर्जना पौडेल (दाहाल) | कार्यपालिका सदस्य | |
| १६. | श्री शुशिला श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १७. | श्री होम बहादुर बि.क. | कार्यपालिका सदस्य | |
| १८. | श्री लोकेन्द्र बहादुर राई | सचिव | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरुः-**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यन्वयन सम्बन्धमा,
२. गाउँ शिक्षा योजना स्वीकृत गर्ने सम्बन्धमा,
३. शिक्षक सरुवा गर्ने सम्बन्धमा,
४. अख्तियारीनामा दिने सम्बन्धमा,
५. आ.व. २०८२-८३ को आर्थिक वर्षको आयोजना, योजना तथा कार्यक्रम सम्बन्धमा,
६. आर्थिक तथा सामाजिक सहायता सम्बन्धमा,
७. विविध सम्बन्धमा

**निर्णयहरुः-**

१. प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकहरुमा निर्णय गरिएका निर्णयहरु प्रभावकारी रूपमा कार्यन्वयन भएको भनी समिक्षा गरियो।

२. प्रस्ताव नं. २ को सम्बन्धमा छलफल सुनकोशी गाउँपालिकाको शिक्षा क्षेत्र सुधार गर्न तर्जुमा गरिएको गाउँ शिक्षा योजना स्वीकृत गर्ने भनी निर्णय गरियो।

३. प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा ३८ बमोजिम तपसिल बमोजिम शिक्षकहरुको सरुवा गर्ने भनी निर्णय गरियो।

तपसिलः-

| क्र. सं. | शिक्षकको नाम, थर | विषय/तह/श्रेणी/ किसिम | कार्यरत विद्यालय | विषय//तह/ श्रेणी/ किसिम | सरुवा भएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री चम्पा धमला | प्रा.वि./तृतीय/ स्थायी | श्री कटुञ्जे मा. वि. सुनकोशी-९, कटुञ्जे | प्रा.वि./तृतीय/ स्थायी | श्री कुशादेवी मा. वि. सुनकोशी-१०, कुशादेवी | |
| २. | श्री माधव सापकोटा | प्रा.वि./तृतीय/ स्थायी | श्री कुशादेवी मा. वि. सुनकोशी-१०, कुशादेवी | प्रा.वि./तृतीय/ स्थायी | श्री कटुञ्जे मा. वि. सुनकोशी-९, कटुञ्जे | |

४. प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिका वडा नं. ५, फलाटेमा रहेको सार्वजनिक जग्गामा बनेको घर टहरा हटाउने कार्य गाउँपालिकाले गरेकोमा सार्वजनिक जग्गामा घर टहरा बनाउने सुनकोशी गाउँपालिका वडा नं. ५ बस्ने बल बहादुर कार्कीको नाती, दल बहादुर कार्कीको छोरा **कर्ण बहादुर कार्की** र दल बहादुर कार्कीको नाती, कर्ण बहादुर कार्कीको छोरा **रमेश कार्की**ले श्री जिल्ला अदालत, ओखलढुङ्गामा मुद्दा दायर गरेकोले सो सम्बन्धमा गाउँपालिकाको कार्यालय, अध्यक्ष, ५ नं. वडा कार्यालय, वडाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायत प्राविधिक कर्मचारीहरुको तर्फबाट बहस, पैरवी गर्न, लिखित जवाफ अदालमा पेश गर्नको लागि ओखलढुङ्गा

लोकेन्द्र बहादुर ... 
प्रमुख प्रशासकीय अधिकृत

जिल्ला लिखु गाउँपालिका वडा नं. ७ बस्ने अधिवक्ता श्री गुरु बहादुर बस्नेतलाई अख्तियारीनामा दिने भनी निर्णय गरियो।

५. प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८२-८३ को आयोजना, योजना तथा कार्यक्रम आर्थिक वर्ष समाप्त हुनु भन्दा ७ दिन अघि आर्थिक कारोबार बन्द हुने भएकोले पेश्की फर्छ्यौट र कार्यक्रम, योजना सम्पन्नको लागि पहल गरी बेरुजु घटाउन गाउँ कार्यालयलाई निर्देशन दिने र सहयोग गर्ने भनी निर्णय गरियो।

६. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकामा रहेका अति विपन्न र गरिब भएका व्यक्ति र दीर्घ रोगीहरुलाई स्वास्थ्य उपचार र औषधी उपचारको लागि देहाय बमोजिम आर्थिक सहयोग दिने भनी निर्णय गरियो।

| क्र.सं. | विरामीको नाम, थर | ठेगाना | रोगको प्रकार | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | भिम माया थापा मगर | सुनकोशी गा.पा. वडा नं. ६ | आर्थिक सहयोग | २५०००/- | |
| २ | हिमाल दर्जी | सुनकोशी गा.पा. वडा नं. ७ | आर्थिक सहयोग | १८०००/- | |
| ३ | गणेश बहादुर श्रेष्ठ | सुनकोशी गा.पा. वडा नं. ८ | आर्थिक सहयोग | १५०००/- | |
| ४ | सन्तोष मगर | सुनकोशी गा.पा. वडा नं. ८ | आर्थिक सहयोग | २५०००/- | |
| ५ | लक्ष्मी बस्नेत | सुनकोशी गा.पा. वडा नं. ८ | आर्थिक सहयोग | २५०००/- | |
| ६ | याम बहादुर कट्वाल | सुनकोशी गा.पा. वडा नं. ८ | मुटु रोग | १५०००/- | |
| ७ | सन्तोषी कट्वाल | सुनकोशी गा.पा. वडा नं. ८ | आर्थिक सहयोग | २५०००/- | |
| ८ | खिन माया भट्टाई | सुनकोशी गा.पा. वडा नं. ८ | मुटु रोग | २५०००/- | |
| ९ | रुपा थापा | सुनकोशी गा.पा. वडा नं. ८ | मुटु रोग | १५०००/- | |
| १० | होम कुमारी थापा | सुनकोशी गा.पा. वडा नं. ८ | आर्थिक सहयोग | १५०००/- | |
| ११ | शान्त बहादुर विष्ट | सुनकोशी गा.पा. वडा नं.९ | मुटु रोग | २५०००/- | |

७. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा सुनकोशी वडा नं. ८ स्थित रहेका शुभारम्भ हाईड्रो पावर प्रा.लि. को प्रभावित जग्गाहरु रजिष्ट्रेशन पास गर्न भूमि प्रशासन कार्यालय, ओखलढुङ्गामा उद्योग कर छुट दिन सिफारिस गर्ने भनी निर्णय गरियो।

८. विविध सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिका भित्र वर्षातको समयमा पानी परी, बाढी पहिरोले सडक अबरुद्ध हुने भएकोले सडकहरुको रेखदेख गर्न प्रत्येक वडाहरुमा दुई दुई जनाको दरमा असार १५ देखि भदौ १५ सम्म डोर हाजिरीमा कामदार लगाने भनी निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत